नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**
भृकुटीमण्डप, काठमाडौं

# उपभोक्ता समितिबाट पर्यटन पुर्वाधार बिकास निर्माणसम्बन्धी कार्य गराउने कार्यविधि, २०७१ (संशोधन सहित)

**प्रस्तावना :** नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग अन्तरगत सञ्चालन हुने पूर्वाधार सम्वन्धि निर्माण कार्य उपभोक्ता समितिको जिम्मेवारीमा गर्ने व्यवस्था गर्न कार्यविधिको आवश्यक परेको,

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले देहायको बिषयका सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने व्यवस्था गरेको :

क) श्रम मुलक कामको निर्धारण,
ख) उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन विधि र काम,कर्तव्य र अधिकार,
ग) काम वा सेवामा मितव्ययिता,गुणस्तरीयता,दिगोपन अभिबृद्धिगर्ने तरिका,
घ) आम्दानी खर्चको अभिलेख राख्ने,
ङ) काम वा सेवाको सुपरिवेक्षण र अनुगमन,
च) निमार्ण कार्यको फरफारक र जाँचपास र
छ) अन्य आवश्यक कुराहरु

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उक्त उपनियम (१४) अनुसारको कार्यविधि तयार भई नसकेको अवस्था रहेकाले उक्त कार्यालयको सहमतिमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग अन्तरगत सञ्चालन हुने पूर्वाधार सम्वन्धि निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्ने गराउने प्रयोजनका लागी यो **"उपभोक्ता समितिबाट पर्यटन पुर्वाधार बिकासनिर्माणसम्बन्धी कार्य गराउने कार्यविधि, २०७१"** वनाई जारी गरिएकोछ ।

**१. श्रम मुलक काम मात्र गराउनु पर्ने :**

**१.१. श्रम मुलक कार्यमात्र गराउनु पर्ने :** उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत  निर्माण गरिने कार्यहरु स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत गरिने र ती कामहरुमा ठुला मेसिनरी तथा   औजार (क्रंकिट मिक्स्चर मेसिन, डोजर, भाईब्रेटर, एक्साभेटर, रोलर, कम्प्रेसर, ब्लाष्टिङ्ग, ग्रेडर, विटुमिन, स्पेयर आदि) जस्ता उपकरण हरु प्रयोग नगरी स्थानिय श्रम तथा साधन परिचालन गरि स्थानिय वासिन्दा आफै संलग्न भएर निर्माण कार्य गराउनु पर्ने छ । स्वीकृत कार्यक्रम मध्ये उपभोक्ता समिति मार्फत गराउँदा उपयुक्त लागेका कार्यक्रम मात्र सम्बन्धित कार्यालय वा विभागले उपभोक्ता समिति मार्फत कार्य गराउन प्राथमिकता दिनेछ ।

**१.२.उपभोक्ता समितिको लगानीको हिस्सा : उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यक्रमहरु कार्यान्वयन गर्दा उक्त योजनाको लागि विनियोजन भएको (कन्टेन्जेन्सि वाहेकको ) रकमको न्युनतम २० प्रतिशत वरावरको श्रम कार्य वा निर्माण सामाग्री वा सो वरावरको रकम योगदान उपभोक्ता समितिको तर्फ बाट गर्नुपर्नेछ ।**

**२. गठन विधि, जिम्मेवारी र उत्तरदायित्व :** उपभोक्ता समितिको गठन विधि, जिम्मेवारी र उत्तरदायित्व देहाय बमोजिम हुनेछ :



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

**२.१. उपभोक्ता समितिको गठन :** उपभोक्ता समिति मार्फत निर्माण गरिने पुर्वाधारका कार्यक्रमहरु उक्त पुर्वाधार निमांण हुने क्षेत्रको बासिन्दा र समुदायको सहभागितामा संस्था दर्ता ऐन, २०३४ वा स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय स्वायत्त शासन नियमावली २०५६ अर्न्तगत गठन भएको हुनुपर्नेछ। गठन प्रकिया देहाय बमोजिम हुनेछ।

क) पुर्वाधार निमांण हुने क्षेत्रको बासिन्दा र समुदायको सहभागितामा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको आम भेलावाट सम्वन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

ख) स्थानिय निकायका बहालवाला पदाधिकारी, राजनीतिक दलको व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फर्छ्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन्।

ग) उपभोक्ता समितिका सदस्यहरुमा कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ। उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ।

घ) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारवाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन।

ङ) उपभोक्ता समिति गठन गर्दा स्थानिय निकायले तोकेको कर्मचारीको रोहवरमा गर्नुपर्नेछ। यसरी खटिने कर्मचारीले उपभोक्ता समिति गठन गरे पछि सो सम्वन्धि प्रतिवेदन सम्वन्धित स्थानिय निकायमा पेश गर्नुपर्नेछ। स्थानिय निकायले सो को जानकारी पर्यटन विभाग वा पर्यटन कार्यालय वा पर्यटन विभागले तोकेको निकायमा पठाउनुपर्नेछ।

च) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ।

**२.२. तोकिएको समय र गुणस्तर अनुसार निमार्ण कार्य सम्पन्न गर्नु पर्ने :** उपभोक्ता समितिको मुख्य काम संझौता अनुसार तोकिएको निर्माण कार्यको लागि प्राविधिक तथा वातावरणीय सन्दर्भमा तोकिएको गुणस्तरको साथै सम्झौतामा उल्लेखित समय भित्र सम्पन्न गर्नु पर्नेछ। सरकारबाट प्राप्त हुने लगानीको हिस्साको साथै समितिले तोकिएको कामको लागि स्थानिय स्तरको आवश्यक श्रोत, साधन र जनसहभागिताको व्यबस्थाको साथै आयोजना कार्यान्वयनको लागि आवश्यक समन्वय समेत गर्नुपर्ने छ।

**२.३. खर्च गर्ने जिम्मेवारी र उत्तरदायित्व :** उपभोक्ता समितिले निर्माण सम्बन्धि कार्यको लागि प्राप्त रकम संझौतामा उल्लेखित कार्य र प्रयोजनको लागि मात्र खर्च गर्नु पर्नेछ। संझौता अनुसार खर्च नभएमा उपभोक्ता समितिका सबै सदस्यहरु व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायी तथा जवाफदेही हुनेछन्। यसको लागि समितिले प्रचलित नियमानुसार बैंकमा खाता खोली कारोवार गर्नु पर्नेछ।

**३. उपभोक्ता समिति मार्फत कार्य गर्ने प्रक्रिया तथा कार्यविधि :**

**३.१. निमार्ण कार्यको लागि कार्यालयले प्रस्ताब आव्हान गर्ने वा उपभोक्ता समितिले प्रस्ताव पेश गर्न सक्ने :**
पर्यटन पुर्वाधारको लागि आवश्यक निर्माण कार्य गर्नको लागि निमार्णस्थल अनुसारको कार्य प्रकृतिको आधारमा विभाग / कार्यालयले सम्बन्धित कार्यस्थलमा बसोबास गर्ने बासिन्दाहरुलाई उपभोक्ता समिति मार्फत कार्य गराउनको लागि खरिद योजना बमोजिम प्रस्ताब आव्हान गर्न सक्नेछ। निमार्ण स्थलमा बसोबास गर्ने बासिन्दाहरुले उपभोक्ता समिति गठन गरी खरिद योजनामा परेका निमार्ण कार्य र प्रथम पटकको लागि आशयपत्रको आफ्नो प्रस्ताब पेश गर्न सक्नेछन्।

**३.२. कागजात प्रमाण पत्र तथा निणर्यहरु पेश गर्नुपर्ने :** कार्यालयबाट आव्हान भएको प्रस्तावको लागि उपभोक्ता समितिले आशयपत्र वा प्रस्ताब पेश गर्दा तपशिलबमोजिमको प्रमाणित कागजातहरु पेश गर्नुपर्नेछ :

**क) प्रमाण पत्र पेश गर्ने :** संस्था दर्ता ऐन बमोजिम सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्र वा गा.वि.स.को हकमा सम्वन्धित गा.वि.स. को सिफारिसमा स्थानिय जिल्ला विकास समितिले जारी गरेको वा नगरपालिका क्षेत्रको हकमा सम्वन्धित महानगरपालिका वा उप महानगरपालिका वा नगरपालिकावाट उपभोक्ता समिति गठन भएको प्रमाणित हुने कागजात।

**ख) उपभोक्ता समिति गठन भएको निर्णय पेश गर्नुपर्ने :** निमार्ण कार्य संग सम्बन्धित कार्यस्थलका सबै बासिन्दाहरुको नामनामेसिको विवरण खुलेको र सबै बासिन्दाहरुमध्येबाट सर्वसम्मतको निर्णयले गठन भएको उपभोक्ता समितिका अध्यक्ष तथा सदस्यहरुको नामावली समेत भएको निर्णयको प्रमाणित प्रतिलिपि।

**ग) आर्थिक कारोवार संचालन गर्न उपभोक्ता समितिका सदस्यहरु मध्येबाट छनौट भएका पदाधिकारीहरुको नामावली पेश गर्नु पर्ने :** उपभोक्ता समितिले समितिका सदस्यहरु मध्येबाट आर्थिक कारोवार गर्ने पदाधिकारी तोक्नुपर्नेछ। आर्थिक कारोवार गर्ने पदाधिकारी तोकेको उपभोक्ता समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। उपलब्ध भएसम्म आर्थिक कारोवार अध्यक्ष र कोषाध्यक्षको



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

संयुक्त दस्तखत बाट संचालन गर्नुपर्नेछ । कोषाध्यक्षको काम गठित उपभोक्ता समितिको महिला सदस्यबाट संचालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

**घ) प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने :** उपभोक्ता समितिले प्रमाणपत्र वा निर्णय पेश गर्दा सो को प्रतिलिपि उपभोक्ता समितिको अध्यक्ष आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ । यस्तो प्रमाणित प्रतिलिपिहरु सम्बन्धित कार्यालयले सक्कल प्रतिसगं भिडान तथा जाँच गर्नु पर्नेछ ।

**ङ). जग्गा उपलब्ध गराउनु पर्ने :** उपभोक्ता समिति मार्फत गरिने पर्यटन मार्ग, ढल निकास, बसपार्क, सामुदायिक उद्यान आदी जस्ता पर्यटन पुर्वाधार सम्वन्धि कार्यका लागि आवश्यक पर्ने जग्गाको निर्क्यौल, प्राविधिक डिजाईन गर्ने सम्बन्धित विभाग / कार्यालय र उपभोक्ता समितिले छलफल गरी निर्धारण गर्नेछ । यस्तो कार्यको लागि आवश्यक पर्ने जग्गा उपभोक्ता समिति आफैले उपलब्ध गराउनु पर्नेछ । जग्गा उपलब्ध गराउँदा सम्बन्धित जग्गा धनिको लिखित मञ्जुरी आबश्यक पर्नेछ ।

**५ . उपभोक्ता समिति मार्फत गराईने निर्माण कार्यहरु :** उपभोक्ता समिति मार्फत पर्यटन पुर्वाधार सम्बन्धि कार्य गराँउदा दफा १ मा उल्लेख भएका प्रकृतिको कार्यहरु मात्र गराउन सकिनेछ । यसरी कार्य गराउँदा कार्य प्रकृतिको आधारमा देहाय बमोजिमका कार्यहरु हुन सक्नेछन् :

क) पर्यटन मार्ग निर्माणको काम अन्तर्गत माटो खन्ने/पुर्ने काम, सुख्खा ढुंगाको पर्खालको कार्य सुख्खा ढुंगा काट्ने/छाप्ने काम, ढुंगा फोर्ने, कुद्ने, निकाल्ने र जम्मा गर्ने कामहरु समाबेश भएका प्याकेज वा छुट्टै कार्य भएपनि सो कार्य आफैमा एक प्याकेज भएको हुनु पर्नेछ । यस्तो कार्यहरु स्थानिय बासिन्दाहरुको बसोबास भएको क्षेत्र भित्रको मार्ग निर्माण भै सोही स्थानका बासिन्दा भए मात्र उपभोक्ता समिति गठन गरि कार्य गर्न सकिनेछ ।

ख) ढल निकास कार्य अन्य प्याकेजमा समावेश नभै आफैमा एक प्याकेज भई स्थानीय उपभोक्ता समितिले मात्र गर्न पाउने र अर्को उपभोक्ता समितिको कार्यक्षेत्रमा नपरेको अवस्थामा ढल पाईप राख्न ट्रेन्च खन्ने कार्य, पुर्ने कार्य पाइप बोक्ने जस्ता कामहरु आफैमा एक प्याकेज भएको अवस्थामा यस्तो कार्य गराउन सकिनेछ ।

ग) स्थानीय लाभग्राही समुदाय भएको क्षेत्र भित्र पर्ने र स्थानीय बासिन्दा आफैमा दक्षता भै स्थानीय बासीहरुको आफ्नै श्रमबाट गर्न सकिने कार्यहरु भएमा मन्दिर, सत्तल, पाटि तथा सामुदायिक भवन मर्मत वा निर्माण गर्न सकिनेछ ।

घ) स्थानिय बासिन्दा आफैले पछि स्वामित्व लिई हस्तान्तरण भई सकेपछि संचालन तथा मर्मत संभारको लागि आवश्यक लगानी समेत गर्ने प्रतिबद्धता भएको अवस्थामा सोही स्थानमा वासस्थान भएका बासिन्दाहरुले बसपार्क /सामुदायिक उद्यान /नदी नियन्त्रण जस्ता कार्यहरु पनि गर्न सक्नेछन् । तर यस्तो कार्य संचालन भविष्यमा गरिने भए सो को प्रस्ताव निर्माण कार्य गर्दा कै अवस्थामा विभाग / कार्यालयमा पेश गनु पर्नेछ र कार्य संचालन निरन्तरता, गुणस्तर, राजस्वको प्रस्ताव तथा शुल्क लगाउने व्यवस्था आदि सम्बन्धि प्रस्तावमा समावेश हुनुपर्नेछ । यस्तो संचालन प्रस्ताव उपयुक्त नभएको अबस्थामा यस्ता कार्यहरु उपभोक्ता समिति मार्फत गर्न सकिने छैन ।

ङ) माथि उपदफा ५.क) देखि ५.घ) सम्मको कार्यहरु गर्दा सम्बन्धित विभाग / कार्यालयहरु सँग गरिने सम्झौतामा कार्य र उपलब्ध गराईने निर्माण सामग्रीको बारेमा उल्लेख गर्नुपर्ने र त्यस्तो कार्यहरुको लागी आवश्यक जनसहभागिता जुटाउने कार्य उपभोक्ता समितिले नै गर्नुपर्ने व्यवस्था उल्लेख गर्नुपर्नेछ । तर उक्त प्रकृतिका आयोजना वहुवर्षिय भएमा उपभोक्ता समिति मार्फत निर्माण गराईने छैन ।

**६. लागत अनुमान :** विभाग / कार्यालय मार्फत हुने पर्यटन पुर्वाधार सम्बन्धि सबै कार्यहरुको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार सम्बन्धित विभाग / कार्यालयहरुले देहाय अनुसार लागत अनुमान तयार गर्नुपर्नेछ ।

क) निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण स्थल रहेको जिल्लाको स्वीकृत जिल्ला दररेटका आधारमा गर्नुपर्नेछ ।

ख) उपभोक्ता समितिले आफैले तयार गरी पेश गरेको प्रस्तावका हकमा पनि वार्षिक विनियोजित रकम तथा कार्यक्रमको प्रकृतिका आधारमा छुट्टै लागत अनुमान सम्बन्धित कार्यालयले तयार गर्नुपर्नेछ ।

ग) यसरी निर्माण गरिने कार्यको लागि लागत अनुमान निकाल्दा खास आईटम, दररेट, ओभरहेड, क्वान्टिटी तथा मुल्य अभिबृद्धि कर समावेश गरी तयार गर्नु पर्नेछ । यसरी तयार गरिएको लागत अनुमान उपभोक्ता समितिबाट काम गराउने रकम सँग तुलना गर्न प्रयोग गर्ने प्रयोजनको लागि मात्र हुनेछ । तर भुक्तानी गर्दा १०.क) अनुसार भुक्तानी गर्नुपर्नेछ ।



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

**७. सम्झौता गर्नुपर्ने** : उपभोक्ता समिति मार्फत पर्यटन पुर्वाधार सम्बन्धि निर्माण कार्य गराउँदा निर्माण कार्य प्रारम्भ गर्नु अघि उपभोक्ता समिति र सम्बन्धित विभाग / कार्यालय बिच अनुसुचि १ अनुसारको सम्झौता पत्रको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

**८. निर्माण कार्यको सुपरिवेक्षण तथा अनुगमन :**
८.१ उपभोक्ता समिति सँग भएको सम्झौता बमोजिमको निर्माण कार्यको सुपरिवेक्षण सम्बन्धित विभाग / कार्यालयबाट खटिएका प्राविधिक र उपभोक्ता समितिका पदाधिकारीले गर्नुपर्नेछ ।

८.२. उपदफा ८.१ बमोजिम निर्माण कार्यको सुपरिवेक्षण गर्दा सम्झौतामा उल्लेख भए बमोजिम निर्माण कार्यको गुणस्तरको जाँच सम्बन्धित विभाग / कार्यालय बाट खटिएका प्राविधिक द्धारा गरिनेछ र उपभोक्ता समितिले सम्झौता अनुसारको निर्माण कार्य लागत अनुमानको स्पेसिफिकेशन बमोजिम गुणस्तरयुक्त गराउनु पर्नेछ ।

८.३. सम्बन्धित विभाग / कार्यालयका प्राविधिकले निर्माण कार्यको नापी गर्दा उपभोक्ता समितिका पदाधिकारकिो उपस्थितीमा गर्नुपर्नेछ । उपभोक्ता समितिका पदाधिकारीलाई लिखित जानकारी दिँदा पनि उपस्थित नभएमा सम्बन्धित विभाग / कार्यालयका प्राविधिक लाई नापी गर्न वाधा पर्ने छैन ।

**९. आम्दानी खर्चको अभिलेख :** उपभोक्ता समितिले निर्माण कार्य गर्दा प्राप्त हुने सबै राजस्व वा आम्दानी तथा खर्चको अभिलेख व्यवस्था देहाय बमोजिम राख्नु पर्नेछ ।

**क) बैंकमा खाता खोल्नु पर्ने :** उपभोक्ता समितिले प्राप्त गरेको सबै प्रकारको आम्दानी (अनुदान, सहयोग शुल्क आदि) बैंकमा खाता खोली राख्नु पर्नेछ । प्राप्त आम्दानी उपभोक्ता समितिको प्याडमा नगदी रसिद काटी प्रत्येक दिन बैंकमा जम्मा गर्नु पर्ने व्यवस्था गर्नुपर्नेछ । सो दिन जम्मा हुन नसकेको खण्डमा अर्को दिन अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ ।

**ख) नेपाल सरकारको भुक्तानी तथा श्रेस्ता प्रणाली लागु गर्ने :** उपभोक्ता समितिद्धारा खर्च गरिने भुक्तानी रकम नेपाल सरकारको खर्च बर्गीकरण तथा व्याख्या व्यवस्था र नेपाल सरकारको आर्थिक कार्यविधि ऐन तथा नियमावलिमा भएको प्रावधान र श्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ ।

**ग) निर्माण सम्बन्धि अभिलेख प्रमाणित हुनु पर्ने :** निर्माण कार्यको लागि नेपाल सरकारको निर्माण सम्बन्धि कार्यमा प्रयोग हुने निर्माण सम्बन्धि फारामहरु प्रयोग गरी अभिलेख राख्ने तथा भुक्तानीको लागि ठेक्का सम्बन्धि बील तथा नापी किताबमा अभिलेख गरेको हुनुपर्ने र निर्माण सम्बन्धि अन्य फाराम आवश्यकता अनुसार तयार गरी अभिलेख राख्नु पर्नेछ । यस्तो सबै अभिलेखहरु प्राविधिकको अतिरिक्त उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

**घ) प्राविधिकले अभिलेख तयार गर्न सघाउ पुऱ्याउनु पर्ने :** सम्बन्धित विभाग / कार्यालयको प्राविधिक हरुले निर्माण सम्बन्धि अभिलेख ठेक्का सम्बन्धि बिल ता नापि किताबमा चढाउने कार्य गर्नुपर्नेछ, साथै सम्बन्धित उपभोक्ता समितिलाई यस्तो अभिलेख तयार गर्न सहयोग पुऱ्याउनु पर्नेछ ।

**ङ) कुल खर्चको विवरण पेश गर्नुपर्ने :** उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी सकेपछी सम्बन्धित विभाग । कार्यालयले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित विभाग / कार्यालयले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछ ।

**१०. भुक्तानी व्यवस्था :** उपभोक्ता समितिलाई भुक्तानी गर्दा देहाय गर्नुपर्नेछ ।

**क) सम्झौता अनुसार भुक्तानी गर्ने :** उपभोक्ता समितिलाई सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ ।

**ख) पेश्की दिन सकिने :** खरिद सम्झौता भएपछि सम्बन्धित विभाग / कार्यालयले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्झौता रकमको बढीमा एक तिहाई रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सकिनेछ । सम्बन्धित निकायले त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि वा भुक्तानी गर्दा फछ्र्यौट गर्नुपर्नेछ ।



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

**ग) किस्ता भुक्तानी गर्नु पर्ने :** उपभोक्ता वा लाभग्राही समुदायलाई बढीमा तीन किस्तामा भुक्तानी दिन सकिनेछ । यसरी किस्ता भुक्तानी गर्दा पेश्की रकम अन्तिम बिल भुक्तानी गर्नु अघि कट्टा भई सक्ने व्यवस्था गर्नुपर्नेछ ।

**घ). बील भरपाई अनुमोदन गरी पेश गर्नुपर्ने :** उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन,बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकवाट अनुमोदन गराई सम्बन्धित विभाग / कार्यालयमा पेश गर्नुपर्नेछ ।

**ङ) खर्चको सूचना सार्वजनिक गर्नुपर्ने :** उपभोक्ता समितिले हरेक किस्तामा गरेको खर्चको सूचना उपभोक्ता समितिको कार्यालय रहेको स्थान र सबैले देख्ने गरी सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ ।

**च) प्राविधिक व्यवस्था गर्दा लागेको रकम भुक्तानी गर्नुपर्ने :** सम्बन्धित विभाग / कार्यालयले उपभोक्ता समितिलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आफैले करारमा नियुक्त गर्न सक्नेछ । त्यसरी नियुक्ति गरिएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक सम्बन्धित कार्यालयले कट्टा गरेको कन्टिजेन्सीबाट भुक्तानि गर्नु पर्नेछ । तर त्यस्तो प्राविधिकको पारिश्रमिक नेपाल सरकारको प्रचलित तलब स्केल भन्दा बढी हुने छैन र यस्तो पारिश्रमिकको कुल रकम लागत अनुमानको तीन प्रतिशत भन्दा बढी हुने छैन ।

**छ) एकाउन्ट पेयी चेकबाट भुक्तानी गर्नु पर्ने :** उपभोक्ता समितिको कामको लागि पच्चिस हजार भन्दा बढी रकमको भुक्तानी एकाउन्ट पेयी चेकबाट गर्नुपर्नेछ ।
**ज) सार्वजनिक लेखा परिक्षण गराउनुपर्नेः** उपभोक्ता समितिले सम्बन्धित स्थानको बासिन्दाहरुबाट कार्य सम्पादन भएको बारेमा सार्वजनिक लेखापरीक्षण गरी गराई अन्तिम किस्ता भुक्तानीको लागि नापजाँच गर्ने बेलामा निर्णयको प्रतिलिपि सहित सम्बन्धित प्राविधिकले अन्तिम बिल पेश गर्ने बेलामा पेश गर्नुपर्नेछ । यस्तो निर्णय प्राप्त नभएसम्म अन्तिम किस्ता भुक्तानी गर्न मिल्दैन ।

**११. निर्माण व्यवसायीलाई प्रयोग गर्न वा उप ठेक्का दिन नहुने :** उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा उप ठेक्काबाट उक्त काम गराउन सकिने छैन । कुनै कारणवश उपभोक्ता समिति आफैले समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सम्बन्धित विभाग / कार्यालयलाई दिनुपर्नेछ र त्यसरी सूचना प्राप्त भएपछि सम्बन्धित विभाग / कार्यालयले सो सम्बन्धमा आवश्यक जाँच गरी उपभोक्तो समितिसँग भएको सम्झौता तोडी बाँकी काम प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गराउनु पर्नेछ ।

**१२. उपभोक्ता समितिबाट असुल उपर गर्ने व्यवस्था :** उपभोक्ता समितिले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाईएमा सम्बन्धित विभाग / कार्यालय वा निकायले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ । त्यस्तो रकम असुल उपर गर्नको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**१३. लेखापरीक्षण सम्बन्धि व्यवस्था :**
**१३.१.** उपभोक्ता समितिले यस कार्यविधि अनुसार गराईएको पुर्वाधार सम्बन्धि निर्माण कार्यको लेखाको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउने जिम्मेवारी सम्बन्धित विभाग / कार्यालयको हुनेछ ।

१३.२. लेखा परीक्षण बाट निस्केको बेरुजु वा कैफियत सम्बन्धित विभाग / कार्यालयले फछ्र्यौट गर्ने गराउने व्यवस्था गर्नुपर्नेछ । सो सिलसिलामा सम्बन्धित उपभोक्ता समितिले आवश्यक प्रमाण कागजात उपलब्ध गराउनु पर्नेछ । असुल उपर गर्नु पर्ने अवस्थामा सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नु पर्नेछ ।

**१४. आयोजनाको फरफारक स्वामित्व हस्तान्तरण तथा मर्मत संभार व्यवस्था :** उपभोक्ता समितिले सम्पन्न गरेको निर्माण कार्यको फरफारक स्वामित्व हस्तान्तरण तथा मर्मत संभार निम्नानुसार गर्नुपर्नेछ ।

**क) फरफारक गर्नु पर्ने :** सम्झौता अनुसार तोकिएको निर्माण कार्य सम्पन्न भई सकेपछि अन्तिम किस्ता (अन्तिम रनिङ्ग बिल) बापत भुक्तानी पाउने रकम उल्लेख गरी उपभोक्ता समितिले अनुसुचि २ बमोजिमको ढाँचामा फरफारकको लागी सम्बन्धित विभाग / कार्यालय समक्ष पेश गर्नु पर्नेछ । फरफारक भएपछि निर्माण सम्पन्न भएको पर्यटन पुर्वाधार सम्बन्धि कार्य सम्बन्धित विभाग / कार्यालयले उपभोक्ता समितिलाई अनुसुचि २ बमोजिमको ढाँचामा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्नेछ ।

**ख) स्वामित्व हस्तान्तरण गर्नु पर्ने :** निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित विभाग / कार्यालयले सो कोसञ्चालन वा उपभोगका लागी आवश्यक रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ । यसरी



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

हस्तान्तरण गरिएको अवस्थामा आयोजना हस्तान्तरण भएको मिति देखि सम्बन्धित उपभोक्ता समितिको सम्पुर्ण जिम्मेवारी हुनेछ । हस्तान्तरण फारामको ढाँचा अनुसूचि ३ अनुसार हुनेछ ।

ग) **संचालन वा मर्मत संभार सम्बन्धि व्यवस्था :** सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत संभार कार्य स्वामित्व हस्तान्तरण भएपछि सम्बन्धित उपभोक्ता समितिले गर्नु पर्नेछ ।

**१५. उपभोक्ता शुल्क निर्धारण गर्ने तथा तोक्न सक्ने :** उपभोक्ता समितिले हस्तान्तरित भएको आयोजनाको संचालन वा मर्मत संभारको लागि आवश्यक पर्ने खर्च जुटाउन सो आयोजनाको सेवा उपयोग गरेवापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोक्न सक्नेछ । तर यसरी शुल्क तोक्नु पर्ने अवस्थामा सम्बन्धित विभागबाट स्वीकृति प्राप्त गरेर मात्र उठाउन सकिनेछ । तर यसरी शुल्क उठाउँदा आयोजना शुरु हुने समयमा सम्बन्धित विभाग / कार्यालय सँग सहमति पत्रमा हस्ताक्षर गरी व्यवस्थित गर्नु पर्नेछ । सो सहमतिको आधारमा मात्र शुल्क उठाउने कार्य गर्न सकिनेछ । सम्बन्धित विभाग / कार्यालयले पनि नेपाल सरकारको प्रचलित कार्य व्यवस्था अनुसार तालुक निकायको स्विकृति प्राप्त गर्नु पर्ने भए सो स्विकृति प्राप्त गरेर मात्र सहमति पत्रमा हस्ताक्षर गर्ने र सहमति दिने कार्य गर्नु पर्नेछ । त्यस्तो शुल्क जम्मा गर्ने कोष सम्बन्धित बैंकमा खडा गरी सोही कोष बाट त्यस्तो आयोजनाको कार्य संचालन तथा मर्मत संभार व्यवस्थापन गर्नु पर्नेछ ।

**१६. प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको यस कार्यविधि बमोजिम नै गर्नु पर्नेछ । यस कार्यविधिमा उल्लेख भएका बाहेकको विषय र बाँझिएका विषयहरु भएमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ ।

xxx



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

**१७.सम्झौताको ढाँचा र त्यसमा रहने शर्तहरु :**

१७.१ संझौताको ढाँचा अनुसूचि १ मा प्रस्तुत गरिएकोछ ।

१७.२ संझौतामा मुख्यतया देहायका शर्तहरु रहनेछन ।

क) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउन उपभोक्ता समिति मन्जुर छ साथै सो वापत लाग्ने रकम समेत उपभोक्ता समितिले व्यहोर्नेछ ।

ख) उपभोक्ता समितिले सम्बन्धित विभाग / कार्यालयबाट प्राप्त रकम जुन उद्देश्यको लागि लिएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नेछ ।

ग) निर्माण कार्य गराँउदा नाप नक्सा तथा स्विकृत लागत अनुमानको गुणस्तर अनुसार उपभोक्ता समितिले गराउनेछ ।

घ) निर्माण सम्पन्न भई उपभोक्ता समितिलाई हस्तान्तरण गरिसके पछि उक्त निर्माण कार्यको संचालन, मर्मत संभार रेखदेख तथा सुरक्षा उपभोक्ता समितिले गर्नेछ ।

ङ ) सम्झौता पत्रको दफा (७) अनुसारको मितिमा निर्माण कार्य प्रारम्भ गरी सम्पन्न गर्ने जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

च) निर्माण कार्यको लागि आवश्यक प्राविधिकहरु सम्बन्धित विभाग / कार्यालयले खटाउनेछ ।

छ) पेश्की रकम स्विकृतिको लागि विभागीय / कार्यालय प्रमुख समक्ष पेश गरिनेछ । विभागीय / कार्यालय प्रमुख बाट स्विकृत भएपछि विभाग / कार्यालयका तर्फबाट व्यहोरिने कन्टीन्जेन्सि रकम बाहेकको लागत अनुमान अंकको बढीमा एक तिहाई रकम सम्मको अग्रिम पेश्की दिन सकिनेछ ।

ज) उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई विभाग / कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

झ) उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी टाँस भएको जानकारी विभाग / कार्यालयमा पेश गर्नुपर्नेछ ।

ञ) उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब–कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारण वस उपभोक्ता समितिले समयमा यस सम्झौता बमोजिम काम गर्न नसक्ने भएमा सो कुराको सूचना यथाशिघ्र विभाग / कार्यालय लाई दिनुपर्नेछ । यसरी सूचना प्राप्त भएपछि विभाग / कार्यालयले सो सम्बन्धमा आवश्यक जाँच गरी उपभोक्ता समितिसंग भएको सम्झौता तोडी बाँकी काम सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम गराउने छ ।

ट) उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसके पछि विभाग / कार्यालयले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँच पास गराई विभाग / कार्यालयबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण प्राप्त भएपछि मात्र विभाग / कार्यालयले अन्तिम किस्ताको रकम भुक्तानी गर्नेछ ।

ठ) उपभोक्ता समितिले निर्माण सम्पन्न भएपछि सम्बन्धित स्थानको बासिन्दाहरुको भेला आयोजना गरि सार्वजनिक लेखापरीक्षण गरी गराउनु पर्नेछ ।

**१८. संझौताका साथ संलग्न रहने कागजातहरु :**

क) आयोजनाको स्विकृत लागत अनुमान,
ख) आयोजनाको प्राविधिक डिजाईन तथा नक्सा आदि
ग) अन्य ।

**१९.प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेखित कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**
भृकुटीमण्डप, काठमाडौं ।
अनुसूचि १
(दफा ७ संग सम्बन्धित )
संझौता पत्र

**१. सम्झौता गर्ने पक्षहरु :**

पर्यटन विभाग / कार्यालय, र श्री ....................................................................................... ।

**२. आयोजनाको नाम** :– ....................................................................................... ।

**३. आयोजना स्थल :–**

जिल्ला :–..............................  गा.वि.स. / नगरपालिका :–......................................

४. **आयोजनाको उद्देश्य :–** .......................................................... ।

५. **आयोजनाको किसिम :–**

☐ सेवा

☐ निर्माण

☐ उत्पादन

६. **आयोजनाको मुल कार्यहरु र कुल लागत :–** .....................................(५% कन्टिन्जेन्सी र उपभोक्ताको काम)

**७. आयोजनाको प्रस्तावित कार्यान्वयन अवधि :**

क) शुरु हुने मिति :– .......................................................देखि ।
ख) पुरा हुने मिति :– .......................................................सम्म ।

**८. खर्च व्यहोर्ने श्रोत :–**

क) विभाग / कार्यालयबाट व्यहोरिने :–
अ) नगद रुपैयाँ :– .........................................।–
आ) प्राविधिक सहायता (मुल्यमा) :– ×

ख) स्थानिय श्रोत (उपभोक्ता समितिबाट) :–
अ) नगद :–
आ) वस्तुगत (मुल्यमा) :–
ई) श्रम (मुल्यमा) :–

रु ......................

**९. उपभोक्ता समितिको नाम :–** श्री ............................................................................



कोष नाथ अधिकारी
निर्देशक / सि.डि.ई.

उपभोक्ता समितिको दर्ता नं. (भएमा) :– ……………………………………………………………

उपभोक्ता समितिको PAN दर्ता नं. (भएमा) :– ……………………………………………………………

उपभोक्ता समिति दर्ता भएको कार्यालय (भएमा) :– ……………………………………………………………

उपभोक्ता समितिका पदाधिकारीहरु :– ……………………………………………

क) अध्यक्ष : श्री ……………………………………………………………

ख) उपाध्यक्ष : श्री ……………………………………………………………

ग) सचिव : श्री ……………………………………………………………

घ) सह–सचिव : श्री ……………………………………………………………

ङ) कोषाध्यक्ष : श्री ……………………………………………………………

च) सदस्य : श्री ……………………………………………………………

छ) सदस्य : श्री ……………………………………………………………

ज) सदस्य : श्री ……………………………………………………………

झ) सदस्य : श्री ……………………………………………………………

ञ) सदस्य : श्री ……………………………………………………………

ट) सदस्य : श्री ……………………………………………………………



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**
भृकुटीमण्डप, काठमाडौं ।
अनुसूचि २
(दफा (११) को उपदफा (१) संग सम्बन्धित)

**पर्यटन पूर्वाधार फरफारक फाराम**

१. आयोजनाको नाम :

२. आयोजनाको लागत

क) सम्बन्धित विभाग / कार्यालयको तर्फबाट : रु ............................
ख) उपभोक्ता समितिको तर्फबाट : रु ............................

३. उपभोक्ता समितिको नाम :
दर्ता नं. (भएमा) दर्ता गर्ने कार्यालय (भएमा) : PAN नम्बर (भएमा) :

४. लाभान्वित जनसंख्या :

५. आयोजना संचालन शुरु भएको मिति (सम्झौता मिति) :

६. अन्तिम किस्ता वापत भुक्तानि हुन बाँकि रकम रु .

७. अन्य विवरण :
उपरोक्त बमोजिम ........................ उपभोक्ता समितिबाट ........................ आयोजना सम्पन्न भएकाले उक्त कार्यको जम्मा भुक्तानि वापतको रकम रु. ..................................अक्षेरुपी ..........................................भुक्तानी गरी फरफारक हुन सिफारीस गरेको छु ।

सम्बन्धित प्राविधिक (स.ई.) को नाम :
दस्तखत :
मिति :

प्राविधिकको सिफारीस बमोजिम अन्तिम किस्ता वापत रु. .............अक्षेरुपी . ............... ..भुक्तानी गरी फरफारक हुन सम्बन्धित विल भर्पाई यसै साथ संलग्न गरी पेश गरेको छु ।

उपभोक्ताको तर्फबाट
अध्यक्षको नाम :
दस्तखत :
सचिवको नाम :
दस्तखत :
मिति :



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**
भृकुटीमण्डप, काठमाडौं ।
अनुसुचि ३
(दफा (१२) को उपदफा (२) संग सम्बन्धित)
**पर्यटन पुर्वाधार हस्तान्तरण फाराम**

१. आयोजनाको नाम तथा स्थलको ठेगाना :

२. सम्झौता अनुसार सम्पन्न गरीएका मुख्य कार्यहरु :
क)
ख)
ग)
घ)

३. आयोजनाको लागत विवरण :
क) कुल लागत
ख) नेपाल सरकारबाट विनियोजित रकम रु .
ग) स्थानिय जनश्रमदानबाट रु.
जम्मा लागत :

४. आयोजनाबाट लाभान्वित हुने :
क) घरपरिवार संख्या :–
ख) जनसंख्या :–
ग) अन्य (वर्ग वा समुदाय) :

५. उपभोक्ता समितिका पदाधिकारी :

| | |
|---|---|
| क) | ङ) |
| ख) | च) |
| ग) | छ) |
| घ) | |

६. आयोजना फरफारक भएको मिति :
७. आयोजना मर्मत सम्भार गर्न आवश्यक स्रोत स्पष्ट गर्ने :
८. हस्तान्तरण शर्तहरु :
क) सम्पन्न ........................................आयोजनाको स्थानिय श्रमदानबाट हुने मर्मत सम्भार नियमित रुपले गर्नु पर्नेछ ।
ख) आयोजनाबाट लाभान्वित व्यक्तिहरुबाट उपभोक्ता समितिले तोके बमोजिम दस्तुर उठाउन सक्नेछ तर प्रचलित कानुनले निषेध गरेको कर आदि लिन पाईने छैन ।
ग) आयोजनाबाट प्रत्यक्ष लाभान्वित व्यक्तिबाट उपभोक्ता समितिले उठाएको रकम मर्मत सम्भारमा लगानी गर्नु पर्नेछ ।
घ) अन्य

| **उपभोक्ता समितिको तर्फबाट** | **सम्बन्धित कार्यालयको तर्फबाट** |
|---|---|
| अध्यक्षको नाम :– | प्रमुखको नाम :– |
| दस्तखत :– | दस्तखत :– |
| मिति :– | मिति :– |
| | |
| **रोहवर :–** | **रोहवर :–** |
| १) | १) |



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.

Government of Nepal
Department of Tourism
Kathmandu



कोष नाथ अधिकारी
निर्देशक/सि.डि.ई.